नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कपिलवस्तु तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवासः- ०७६-५६०१७०
प्र.जि.अ. कक्षः- ०७६-५६०१५९
कार्यालयः- ०७६-५६०१५८
कार्यालयः- ०७६-५६०२३०
कार्यालयः- ०७६-५६०११५

पत्र संख्या : ०७५/७६

मितिः-२०७५।१२।२४

चालानी नम्बर :- 3206

प्राप्त पत्र संख्या र मिति :-

विषय :- जानकारी सम्बन्धमा ।

श्री बुद्धभुमी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. ५८३ मिति २०७५।१२।१९ को पत्रानुसार जन्मको आधारमा नागरिकता प्राप्त गरेको नागरिकका सम्तानलाई सम्पूर्ण प्रक्रिया पुरा गरी आवस्यक जाँचबुझ तथा छानविनका आधारमा उपयुक्त देखिएमा वंशजको नाताले नागरिकता प्रमाणपत्र जारी गर्न सकिने भनि निर्देशन भए वमोजिम यसै पत्रसाथ संलग्न रुजु सुची (check list) मा उल्लेखित सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु अनिवार्य रुपमा संलग्न राखी व्यक्ति एकिन गरी नागरिकता प्रमाणपत्र प्राप्तिका लागि सिफारिस गर्नु/गराउनु हुन आदेशानूसार अनुरोध छ। नागरिकता वितरण सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन, नियम अनुसार हुने व्यहोरा समेत अनुरोध छ। संलग्न रुजु सुची (check list) थान १ यसै साथ संलग्न छ।

प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

## जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता जारी गर्दा प्राथमिकताका आधारमा अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु/प्रमाणहरु

जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई वंशजको नाताले नागरिकता प्रमाणपत्र प्रदान गर्दा अनिवार्य रुपमा तपसिल वमोजिमका कागजात र प्रमाणहरु संलग्न गरी स्थानीय निकायको वडा बाट सिफारिस भई आएमा उक्त कागजात र प्रमाणहरु जाँचबुझ गर्दा उपयुक्त देखिएमा नागरिकता प्रमाणपत्र जारी गर्न सकिने व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

१. बाबु र आमाको सक्कल नेपाली नागरिकताको प्रमाणपत्र र १/१ थान फोटोकपी

२. जन्ममिति र जन्मस्थान खुल्नेगरी स्थानिय निकायले गरीदिएको सक्कलै जन्मदर्ताको प्रमाणपत्र (आवश्यकता अनुसार सुरु जन्मदर्ता अभिलेख किताबको रेकर्ड हेर्न सकिने),

३. जग्गा धनि प्रमाण (वुवा, आमा वा सन्तानको नामको), मोहीयानी हकको प्रमाणपत्र भए सो प्रमाण,

४. शैक्षिक प्रमाणपत्र (विदेशी मुलुकमा अध्ययन गरेको भए नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट व्यक्तिको नाममा गरिदिएको समकक्षता निर्धारण),

५. विद्युतको विल/ खानेपानी उपभोग गरेको विल,

६. नाता प्रमाणित (फोटो सहित, बुवा, आमा र सन्तानविच),

७. स्थायी वसोवास प्रमाणित/ किटानी सिफारिस (सम्बन्धित नगरपालिका/गाँउपालिकाबाट),

८. घरधुरी प्रमाण (नक्सा पास र स्वीकृति),

९. पारिवारीक विवरण (नामथर, जन्ममिति, जन्मस्थान र नाता खुल्ने गरी),

१०. ठेगाना परिर्वतन गरी नागरिकता लिन चाहेमा उदगम स्थान र गन्तव्य स्थानको वसाँईसराँई दर्ताको प्रमाणपत्र (वसाँई र सराँईको),

११. उमेर पुगेका वालिग छुट/नावालक दर्ता निस्सा (नागरिकता टोलीबाट वितरण भएको भए),

१२. बुवा आमावीच विवाह दर्ता/ विवाह प्रमाणित,

१३. बुवा, आमाको मृत्यु भएको भए मृत्युर्दता प्रमाणपत्र,

१४. कुनै उद्योग, पेशा व्यवसायी गरी बसेको भए सोको प्रमाण,

१५. कर्मचारीले तोकेका अन्य आवश्यक कागजात

१६. उपरोक्त प्रमाण तथा कागजातको आधिकारितामा कुनै शंका लागेमा वा जालसांज पूर्ण छ भन्ने लागेमा आवश्यकता अनुसार प्रहरी सर्जमिन/ स्थलतग सर्जमिन मुचुल्का ( जिल्ला प्रशासन कार्यालयका कर्मचारीबाट गोप्य सर्जमिन),

जिल्ला अधिकृत